# बैठक नं. ८४

आज मिति २०७७ मंसिर १२ गते शुक्रबार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

## निर्णय नं.१

कीर्तिपुर नगरपालिका र चन्द्रागिरी नगरपालिका अन्तर्गत कीर्तिपुर नगरपालिका वडा नं. ४ र चन्द्रागिरी नगरपालिका वडा नं. ९ को सिमाना क्षेत्रको भूगोल र सीमानामा रहेको अन्यौल र अस्पष्टता सम्बन्धि अध्ययन गर्नका लागि गठित कार्यदलले विभिन्न मितिमा बैठक, छलफल, बहस र अन्तरक्रिया सहित स्थलगत निरक्षण गरी तयार गरी पेश गरेको प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

यस कीर्तिपुर नगरपालिकाको ठेक्का नं. KRM-04/2077/078 को वडा नं. ४, ५ र ९ स्थित छुगाउँ – भत्केपाटी हुँदै पुष्पलाल सडक सुधार योजनाको लागि मिति २०७७/०४/०९ गते प्रकाशित सिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको समय भित्र रीत पूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये कीर्तिपुर, काठमाडौं स्थायी ठेगाना भएका चक्रेश्वरी/दर्शन निर्माण जे.भि., कीर्तिपुर काठमाडौं (चक्रेश्वरी निर्माण सेवा प्रा.लि.) ले न.पा.को स्वीकृत ल.ई रकम रु १७,०७९,६४४।५५ भन्दा ९४.७१% अर्थात रु १६,१७५,५६०।५५ ले सबैभन्दा घटि रकम रु ९०४,०८४।०० (मू.अ.कर वाहेक) कवोल गरेकोले न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत भई मिति २०७७/०७/१८ गते सम्झौता गर्नका लागि पत्राचार गरिएकोमा उल्लेखित बोलपत्रदाताले मिति २०७७/०७/१९ गते प्राविधिक त्रुटिका कारणले BOQ Upload गर्दा हरेक आईटममा रु १००।– हुन गएको हुँदा सो मूल्यमा उक्त कार्य गर्न नसकिने व्यहोरा सहित धरौटी फुकुवा गरिदिनका लागि निवेदन पेश गरेको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा २ (घ) मा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित कार्यसम्पादन जमानत बोलपत्रदाताले खरिद सम्झौता गर्ने म्यादभित्र दिन नसकेमा बोलपत्र जमानत जफत हुने व्यवस्था रहेको हुँदा उक्त चक्रेश्वरी/दर्शन निर्माण जे.भि.को जमानत जफत गर्ने र तोकिएको समय भित्र कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्न नआएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ६ मा त्यस पछिको न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र क्रमशः स्वीकृत गरी निजलाई खरिद सम्झौता गर्न सूचना दिनु पर्ने व्यवस्था रहेको हुँदा दोश्रो न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बुजान देवी निर्माण सेवालाई सम्झौता गर्नका लागि सूचना दिने निर्णय गरियो ।

## <u>निर्णय नं.३</u>

कीर्तिपुर नगरपालिका वडा नं. ५ निवासी श्री मनोज महर्जनको श्रीमती श्री हेरा लक्ष्मी महर्जन, वर्ष ३३ को विगत केही समय देखि Endometrioid Carcinoma क्यान्सर भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजात र वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको हुदाँ श्री मनोज महर्जनलाई निजको श्रीमती श्री हेरा लक्ष्मी महर्जनको उपचार खर्च बापत रू. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

## <u>निर्णय नं.४</u>

यस नगरकार्यपालिकाद्वारा गम्भिर रोगका विरामीहरुलाई उपलब्ध गराउदै आएको आर्थिक सहायता बापतको रकम रु.२५,०००।- (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) सम्मको आर्थिक सहायता उपलब्ध गराउने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।